सानीभेरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिम्ली, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
☎ सम्पर्क: ०८८-४०४२५३
Email: sanibherimun@gmail.com

प. सं. : २०७७/०७८
च. नं. :

मिति: २०७७/०७/०२

# दशैँ-तिहार-छठ पर्व २०७७ को शुभकामना।

हिन्दु धर्मावलम्वीहरुको महान पर्व दशैं, शुभ दिपावली (तिहार) तथा छठ पर्वको पावन अवसरमा सानीभेरी गाउँपालिकावासी लगायत स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण आमा-बुवा, दाजुभाई, दिदीबहिनीहरु, शहिद परिवार तथा घाइते अपाङ्गहरु लगायत आम शुभ चिन्तकहरुमा सुख, शान्ति, सुस्वास्थ र समृद्धिका साथै आपसी सदभाव र भाइचाराको विकासबाट समृद्ध, समुन्नत र सभ्य समाजको आकांक्षा पूरा होस् भनि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

यस पर्वमा विजयादशमीका दिन मान्यजनहरुको हातवाट टीका-जमरा ग्रहण गरी आशिर्वाद लिदैं गर्दा दशैंमा मानवीय जीवनमा देखा पर्ने क्रोध, लोभ, मोह, अहंकार, आलस्य लगायतका खराव प्रवृत्तिको अन्त्य हुने जन विश्वास रहि आएको छ। सामाजिक-साँस्कृतिक तथा पारीवारिक सदभावको पर्व मानिने दशैंमा पछिल्लो समयमा उपभोक्तावादी सँस्कृति हावी हुदैं गएको साथै अति धार्मिक, अन्धविश्वास, सामाजिक थिचोमिचो लगायत भड्किलो उन्मुख तरिका देखिएकोले चाड-पर्व मनाउँदा सकभर मितव्ययी हुन, स्वास्थ्यलाई ख्याल गरेर खानपिन गर्न र नेपालको संविधानले सुनिश्चित गरेको सबै वर्ग, जाती, धर्म र समुदायको अस्तित्वलाई सम्मान गर्दै सम्मानित हुने सामाजिक सँस्कार र सँस्कृतिको विकास गर्न सकिन्छ।

अन्त्यमा, विश्वव्यापी महामारीको रुपमा देखापरेको कोभिड-१९ (कोरोना भाइरस) को कारण यस वर्षको दशैं आ-आफ्नो घरमै मनाउने, आफन्तको भेटघाटलाई कम गर्ने, भौतिक दूरी कायम गरी महान पर्व दशैं, शुभ दिपावली (तिहार) तथा छठ पर्वमा सरिक हुने र विश्व स्वास्थ्य संगठन र नेपाल सरकार स्वास्थ्य मन्त्रालयले जारी गरेको निर्देशनलाई कडाई र जिम्मेवारी पूर्वक सवैले पालन गरी सदभाव तथा उच्च सतर्कताका साथ दशैं-तिहार चाड-पर्व मनाउन गाउँपालिका सरकार विशेष अपिल गर्दछ।

| | | |
|---|---|---|
| भूपाल सिं बिष्ट | इन्दिरा ओली | नर बहादुर पुन |
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |